# वेलका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर,

प्रदेश नं. १ नेपाल

## शिलबन्दी बोलपत्र/दरभाउ-पत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७५/१०/२३)**

बेलका नगरपालिकाको वडा नं. ४, ५ र ८ मा चालु आ.व.२०७५/०७६ निर्माण गरिने देहायका वडा कार्यालय भवन निर्माण सम्बन्धी कार्य शिलबन्दी बोलपत्र र दरभाउ-पत्रको माध्यमबाट गराउनुपर्ने भएकाले इजाजत प्राप्त योग्य नेपाली निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुको अधिनमा रितपूर्वकको शिलबन्दी बोलपत्र र दरभाउ-पत्र आव्हान गरिएको छ।

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० दिन र १५ दिन कार्यालय समय भित्र निर्माण व्यवसायी वा आधिकारिक प्रतिनिधीले व्यवसाय दर्ता प्रमाण-पत्र, व्यवसाय इजाजत प्रमाण-पत्र, स्थायी लेखा नम्मर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र र आ.व.२०७४/०७५ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी संलग्न राखि निवेदन साथ तपसिलमा उल्लेखीत दस्तुर फिर्ता नहुने गरि वे.न.पा. कार्यालय वा वडा नं. ९ को वडा कार्यालयमा बुझाई बोलपत्र/दरभाउ-पत्र फाराम खरिद गर्न सकिनेछ।

२. बोलपत्र/दरभाउ पत्र सम्बन्धी कागजातहरु अध्ययन गरि उल्लेखित सबै विवरणहरु अनिवार्य रुपमा प्रष्टसंग भरि सम्बन्धित निर्माण व्यवसायी वा आधिकारिक प्रतिनिधीले कागजातको प्रत्येक पानामा दस्तखत र फर्मको छाप लगाई शिलबन्दी गरी खाम बाहिर स्पष्टसँग फर्मको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको नाम समेत लेखी बोलपत्रको हकमा मिति : २०७५/११/२४ गते र दरभाउ पत्रको हकमा मिति : २०७५/११/०९ गते दिनको १२ : ०० बजे सम्म कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ। दर्ता भएका बोलपत्र/दरभाउ पत्रहरु दर्ता गर्नुपर्ने अन्तिम दिनको २ : ०० बजे कार्यालयका प्रतिनिधी र बोलपत्र/दरभाउदाता वा निजका प्रतिनिधीहरुको रोहवरमा बेलका नगरपालिका कार्यालयमा खोलिनेछ। बोलपत्र/ दरभाउ दाता वा निजको प्रतिनिधीहरु अनुपस्थित रहेमा पनि बोलपत्र/दरभाउ खोल्न कुनै बाधा पर्ने छैन।

३. बोलपत्र/दरभाउ-पत्र फाराम खरिद वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा लगतै कार्यालय खुलेको दिन खरिद र दाखिला गर्न सकिनेछ।

४. बोलपत्र/दरभाउ पत्र साथ पेश गर्नुपर्ने जमानत रा.बा.बैंक गाईघाट स्थित बेलका नगरपालिकाको नाममा रहेको धरौटी खाता नं. २०९०३०३००७१०५ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबर नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" बर्गका बाणिज्य बैंकहरुबाट बेलका नगरपालिकाको नाममा जारी भएको ठेक्का नं. र निर्माण कार्यको नाम उल्लेख भएको, बोलपत्र/दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट बोलपत्रको हकमा कम्तिमा १२० (एकसय बीस दिन) र दरभाउ पत्रको हकमा कम्तिमा ९० (नब्बे दिन) म्याद भएको जमानी पत्र (Bid Bond) पेश गर्नुपर्नेछ। ठेक्का सम्झौता भएपछि मात्र जमानी पत्र वापतको रकम फिर्ता गरिनेछ।

५. कार्यालयबाट प्रमाणित बोलपत्र/दरभाउ पत्र पुस्तिकामा केरमेट नभएको, कुनै थप घट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ। साथै रित नपुगी पेश भएको र उल्लेखीत लागत अनुमान भन्दा बढी भएको शिलबन्दी बोलपत्र मान्य हुनेछैन। साथै एउटा फर्मको नामबाट खरिद गरिएको बोलपत्र/दरभाउ पत्र फाराम अर्को फर्मको नाममा दाखिला गर्न पाईनेछैन।

६. गलत विवरण पेश गरी वा मिलेमतो गरी बोलपत्रमा भाग लिएको पाईएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी कालो सूचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

७. शिलबन्दी बोलपत्र भर्दा मु.अ.कर बाहेकको दररेट विश्लेषण गरि अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।

८. विनियोजित बजेट र बोलपत्र/दरभाउ पत्र दाताको स्वीकृत दररेटलाई आधार मानी विनियोजित बजेटको परिधि भित्र रहि सम्पूर्ण वा आंशिक काम चालु आ.व. वा आगामी आ.व.मा एकै पटक वा पटक-पटक गरी कार्यालयले गराउन सक्नेछ।

९. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लखे नभएका अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नगरपालिकाको निर्णय अनुसार हुनेछ।

१०. शिलबन्दि बोलपत्र/दरभाउ-पत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनैपनि बेला सच्याउन बाधा पर्नेछैन। कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र/दरभाउ पत्र पुरै वा आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सम्बन्धी सम्पूर्ण अधिकार बेलका नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।

११. विष्तृत विवरण यस कार्यालयको वेवसाईट वा सूचना पाटीमा हेर्न सकिनेछ। साथै अन्य विष्तृत जानकारी लिनुपरेमा कार्यालयको सम्पर्क नं. ०३५४३०११३ र ४३०११२ मा सम्पर्क गर्न सकिनेछ।

### शिलबन्दी बोलपत्र/दरभाउ पत्र सम्बन्धी विवरण

| सि. नं | ठेक्का नं. | कामको विवरण | ला.अ.(मु.अ.क.र कन्टेन्जेन्सी बाहेक) | फारम दस्तुर | धरौटी रकम रु. | खरिद गर्न सकिने अवधि |
|---|---|---|---|---|---|---|
| १ | १०/२०७५/०७६ | वडा नं.४ वडा कार्यालय भवन निर्माण ठेक्का | रु.३१,२८,५०५।- | रु.३०००।- | रु.९३,८५५।- | ०७५/११/२३ |
| २ | ११/२०७५/०७६ | वडा नं. ५ वडा कार्यालय भवन निर्माण ठेक्का | रु.२९,७१,२८० | रु.३०००।- | रु.८९,१३८।- | |
| ३ | १२/२०७५/०७६ | वडा नं. ८ वडा कार्यालय भवन निर्माण ठेक्का | रु.१२,९०,१७०।- | रु.१०००।- | रु.३८,७०५।- | ०७५/११/०८ |